फोन नं. : ०६७ ४३०१०२/१०३

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

# विज्ञप्ति

विश्व अहिले कोरोना भाइरसको महामारीले आक्रान्त वनेको छ । कोरोना भाइरसको नियन्त्रण तथा रोकथामको लागि सरकारले लकडाउन लागु गरी कार्यान्वयन भएकोले ज्याला मजदुरी गरी जिविकोपार्जन गर्दै आएका परिवारलाई भोकै वस्न नपरोस भनि नगर क्षेत्र भित्रका ६७३ घरपरिवारलाई मापदण्ड अनुसार पहिलो चरणको राहात वितरण गरी सकिएको छ ।

फलेवास नगर क्षेत्रमा विकासका पूर्वाधारका आयोजनामा वाह्य जिल्लाका कामदार (श्रमिक) ल्याएर कार्यान्वयन गरेको अवस्था छ । आयोजनाको जिम्मेवारी लिएर काम गरेका निर्माण व्यवसायीले आयोजना कार्यान्वयन नभएको अवस्थामा श्रमिकको स्वास्थ्य, खाद्यन्न र वसाई व्यवस्थापन गर्नु हुन, लकडाउनको कारणवाट श्रमिक अलपत्र परेको, खाद्यन्न अभाव भएको जस्ता गुनासा नआउने वातावरण सृजना गर्न निर्माण व्यवसायीलाई आव्हान गर्दछौं ।

कुनै कारण श्रमिकलाई खाद्यन्न व्यवस्थापन गर्न कठिनाई भए निर्माण व्यवसायीले वडा कार्यालय मार्फत नगरपालिकामा सम्पर्क समन्वय गरी समस्या समाधान गर्न एंव आ-आफ्ना श्रमिक व्यवस्थापन गर्न विशेष अनुरोध छ । श्रमिकको स्वास्थ्य सेवा, खाद्य सुरक्षा तथा वसाई व्यवस्थापनको लागि सहजीकरण गर्न नगर कार्यपालिका प्रतिवद्धता व्यक्त गर्दछ ।

मिति : २०७७ साल वैसाख ४ गते ।

पदमपाणी शर्मा
नगर प्रमुख